*बैठक संख्या: ११*

**श्री:**

आज मिति २०७६ साल फाल्गुण २४ गते विहान ८:३० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: धुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्रवहादुर कुँवर | उपसचिव प्रा. |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१. | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३२. | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

३३. जग मल्ल रोजगार शाखा

प्रस्तावहरूः

(१) विनियोजन ऐन, २०७६ मा सँसोधन
(२) आर्थिक ऐन, २०७६ मा सँसोधन
(३) वडा नं ४ को लागि भवन निर्माण गर्न जग्गा माग सम्बन्धमा
(४) हाल सम्मका दस्तावेजहरू अनुमोदन
(५) विविध

नि.नं ११.१ प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि नगरसभाबाट स्वीकृत योजनाहरू मध्ये केही वडा स्तरिय योजनाहरू परिवर्तनका लागि विभिन्न वडा समितीबाट माग भई आएको र नगर स्तरिय योजनाहरूको सन्दर्भमा समेत चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका योजनाहरूको शिर्षक परिबर्तन गर्ने, चालु आ.व.मा सम्पन्न गर्नुपर्ने केही अति आवश्यक नयाँ योजनाहरूमा आन्तरिक आय र गत वर्षको अल्या तर्फबाट बजेट थप गर्ने, सँघिय तथा प्रदेश सरकार तर्फको अन्तर सरकारी हस्तान्तरण वाहेकको गत वर्षको बजेटमा समावेश नभएका तर पछि बजेट प्राप्त भएका योजनाहरूलाई समेत समावेश गरी विनियोजन विद्येयक, २०७६ लाई सँसोधनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

वडा स्तरबाट शिर्षक परिबर्तनको लागि सिफारिस भएको वडा स्तरिय योजनाहरू

| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित बजेट | परिवर्तित योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २२ | शुभकामना महिला समूह सिपमूलक तालिम, वडा नं १ | ५००००.०० | शुभकामना महिला समूह भवन निर्माण | ५००००.०० | शिर्षक परिवर्तन |
| २ | १९ | वि.पि स्मृति यूवा क्लव भवन मर्मत, वडा नं १ | ७५०००.०० | वि.पि स्मृति यूवा क्लवको शौचालय मर्मत | ७५०००.०० | शिर्षक परिवर्तन |
| ३ | २६ | कम्पाउण्ड वाल निर्माण जनमुखी प्रा.वि. वाँसखोला, वडा नं २ | १५००००.०० | जनमुखी प्रा.वि.को बाल कक्षा व्यवस्थापन | १०००००.०० | शिर्षक परिवर्तन |
| | | | | जनमुखी प्रा.वि.को वाल निर्माण | ५००००.०० | शिर्षक परिवर्तन |
| ४ | ३५ | पिटरचोक देखी दक्षिण जाने कृषि बाटो ग्राभेल तथा सोलिङ ढलाई, वडा नं २ | २०००००.०० | पिटरचोक देखी दक्षिण जाने कृषि बाटो ग्राभेल | २०००००.०० | शिर्षक परिवर्तन |
| ५ | ३७ | बैठक हल मर्मत ब्लक नं ३, वडा नं २ | १५००००.०० | सि.नं ४२ को ब्लक नं ४ मा प्रस्तावित वडा कार्यालय भवन निर्माण योजनामा थप | ७५००००.०० | शिर्षक परिवर्तन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ४४ | ब्लक नं ७ जाने बाटो सरकारी कूलोमा कल्भर्ट निर्माण (२ वटा), वडा नं २ | ३००००० .०० | सरकारी कूलोमा कल्भर्ट निर्माण (१ वटा) | ३०००००.०० | शिर्षक परिवर्तन |
| ७ | ५२,३१ | लिला कुमारी बनको घर देखी दक्षिण पश्चिम बाटोमा ग्राभेल, वडा नं २ र त्रिवेणी टोलमा बाटो ग्राभेल | ५००००+ ५०००० | त्रिवेणी टोलमा बाटो ग्राभेल दिब्यज्योती स्कुल पछाडि | १०००००.०० | शिर्षक परिवर्तन |
| ८ | ५५ | विपद् व्यवस्थापन वडा नं २ | १०००००.०० | दिब्यज्योती क्याम्पस पछाडि नाला निर्माण | ३०६०००.०० | १०००००.० |
| ९ | ४६ | भैपरी आउने विविध वडा नं २ मध्येबाट | २९१०००.०० | | | १५१०००.० |
| १० | ५० | यूवा तथा खेलकुद वडा नं २ मध्येबाट | २०००००.०० | | | ५५०००.०० |
| ११ | १४६ | बिभिन्न सिपमुलक तालिम, वडा नं ६ मध्येबाट | १५०००००.०० | सामुदायिक भवन निर्माण | १५०००००.०० | |
| १२ | २४२ | दविल्ला सेन्टर प्लट देखी ह्याचरी तर्फ जाने सडक स्तरोन्नती, नयाँ दाविला वडा नं. १२ | ३०००००.०० | राजु शाहीको खेत देखी पश्चिम तिर जाने सडक स्तरोन्नती | ३०००००.० | शिर्षक परिवर्तन |
| १३ | १५२ | त्रिनेत्रटोल देखि ०१ नं. जोड्ने कालोपत्रे बाटो निर्माण वडा नं. ७ | १२०००००.० | वडा कार्यालयको अधुरो भवन निर्माण | १२००००००.० | शिर्षक परिवर्तन |
| १४ | २४९ | वडा कार्यालयमा अधुरो फर्निचर तथा फर्निसिंग लगायत मेसीनरी खरिद खर्च | ३०००००.० | वडा कार्यालयमा धारो जडान लगायत मोटर खरिद र अन्य प्लमविंग कार्य | ५००००.० | मध्ये |
| १५ | ११९ | बिजुलीको पोल खरिद | २०००००.० | सखुवानी चौपारी देखि ज्ञान बहादुरको घर सम्म अधुरो बाटो वाल निर्माण | २०००००.० | शिर्षक परिवर्तन |
| १६ | ११५ | महिला स्वयम सेविका प्रोत्साहन भत्ता | २५०००.० | महिला स्वयमसेविकालाई साईकल खरिद | २५००००.० | शिर्षक परिवर्तन |
| १७ | ३६२ | सूर्यनगर सर्दिटोल कालोपत्रे | ६५००००.० | नाला निर्माण | ६५००००.० | शिर्षक परिवर्तन |
| १८ | ३५७ | वडास्तरीय कृषि भेटेनरी सम्बन्धी तालिम | १०००००.० | कृषि अवलोकन भ्रमण | १०००००.० | शिर्षक परिवर्तन |
| १९ | २२ | टयन्ध (मौराहा टाँडी | ३०००००.० | बाटो ग्राभेल मर्मत | ३५००००.० | शिर्षक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्रमागत | कालोपत्रे बाटोमा गर्यां थारूको घर नजिक | | | | परिवर्तन |
| २० | ४०क्रमागत | अन्तर नगरपालिका अवलोकन भ्रमण | ५००००.० | | | |
| २१ | २४८ | युवायुवतिहरूको लागि ड्राईभिङ्ग तालिम, लोकसेवा आयोग तयारी संचालन, आमा समूह सशक्तिकरण तालिम संचालन कार्यक्रम | २०००००.० | सिलाई मेसीन तथा कैंचि खरिद | २०००००.० | शिर्षक परिवर्तन |
| २२ | २५४ | सरसफाई तथा फोहोरमैला नियन्त्रण तथा व्यवस्थापन खर्च | २००००००.० | ह्युमपाईप खरिद | १०००००.० | शिर्षकान्तर |
| २३ | ६४ | ज्ञानोदय प्रा.वि.मा कम्पाउण्डवाल निर्माण | १०००००.० | ज्ञानोदय प्रा.वि.मा कम्पाउण्डवाल निर्माण र विद्युतिकरण | १०००००.० | शिर्षकान्तर |
| २४ | ७३ | सामाजिक भवनमा मर्मत व्यवस्थापन | १०००००.० | सामाजिक भवनमा मर्मत व्यवस्थापन तथा विद्युतिकरण | १०००००.० | शिर्षकान्तर |
| | | | | | | |
| | | | | | | |

**नगर स्तरिय योजना मध्येबाट शिर्षक परिबर्तन गर्न प्रस्ताव गरिएका योजनाहरू**

| सि.नं | योजनात्र क्र.स. | साविक योजनाको नाम | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | मोहिनी चोक, राधाकृष्ण स्मृतिनगर सडक र धौलागिरी वाढी पिडित त्रिवेणी रोड (क्रमागत मध्येबाट बचत) | २३९६०९५.०० | पुष्पलाल चोक देखी धर्मवस्ती हुँदै वडा नं १४ को कार्यालय गँगा वस्ती जाने बाटो कालोपत्रे सडक निर्माण योजनाको लागि थप रकम | १७६६२१०.४० | शिर्षक परिबर्तन |
| २ | ४१९ | ग्रिडका आधारमा प्रस्नपत्र निर्माण सम्बन्धी तालिम | १००००००.०० | ग्रिडका आधारमा प्रस्नपत्र निर्माण सम्बन्धी तालिम | १०००००.०० | शिर्षक परिबर्तन |
| | | | | आधारभूत तालिम ७ दिने ६० जनालाई (सि.नं ३८६ मा थप) | ३५००००.०० | |
| | | | | नेतृत्व तथा सैंस्थागत विकास तालिम ५ दिने (सि.नं ४४५ मा थप) | १६००००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कक्षा ८ को परिक्षा सञ्चालन खर्च | ३४००००.०० | |
| | | | | अपाँगता भएका व्यक्तिहरुलाई परिचय पत्र सम्बन्धी १ दिने अभिमूखिकरण | ५००००.०० | |
| ३ | ५१६ | राहत शिक्षक तलब अनुदान ( ३३०००००० मध्येबाट बचत) | ५०००००.०० | विद्यालय अनुदान | ५०००००.०० | शिर्षक परिबर्तन |
| ४ | | पधाधिकारी पारिश्रमिक ( , १२५००००० मध्येबाट बचत) | ९३५७९६५ | पदाधिकारी सुविधा | ९३५७९६५ | शिर्षक परिबर्तन |
| | | | | | | |
| | चालु आ.व. मा बजेट विनियोजनको लागि नगरपालिकाका विभिन्न शाखाबाट प्रस्ताव गरिएका योजनाहरू | | | | | |
| | | | | चिसापानी अस्पतालका कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेवापतको भूक्तानी | ८३५९५०.०० | नयाँ शिर्षक |
| | | | | खानेपानी तथा स्वच्छता योजना निर्माण | १५०००००.०० | |
| | | | | मर्मत सम्हार कोष थप | ५००००००.०० | |
| | | | | वडा नं ४ को प्रशासनिक खर्च थप | ३४६०००.०० | |
| | | | | मध्यकालिन खर्च सँरचना निर्माण तथा आवधिक योजना परिमार्जन | ५०००००.०० | |
| | | | | बाल मैत्री कार्ययोजना , २०७६ कार्यान्वयन | २००००००.०० | |
| | | | | समुदायमा आधारित सँरक्षण प्रणाली तालिम ५ दिने (सि.नं ५४८ मा थप) | १६००००.०० | |
| | | | | अन्य फिर्ता (थप) | २००००००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जेष्ठ नागरिक पोषण भत्ता (८५ वर्ष माथि) सि.नं ४२७ मा थप | ६०००००.०० | |
| | | | | खरको छानो विस्थापित कार्यक्रम | ३००००००.०० | |
| | | | | लक्षित समूहमा वृद्दि अनुगमन तथा पोषण सम्बन्धी सचेतीकरण | १०००००.०० | |
| | | | | सूर्तिजन्य पदार्थ नियन्त्रण सचेतना अभियान -उच्च मा.वि. | १६००००.०० | |
| | | | | उपमेयर सँग महिला वालवालिका कार्यक्रम | १०००००.०० | |
| | | | | सँस्थागत सुत्केरी वृद्दि गर्नको लागि गर्भावस्थामा १ पटक भिडियो एक्सरे सोवाको सोध भर्ना रकम घोषणा | ३९०००.०० | |
| | | | | कार्यालय भित्र सि.सि. टि.भि. जडान | ५०००००.०० | |
| | | | | विण्डोज सर्भर सफ्टवेयर तथा हार्डवेयर फायरवाल खरिद | ५०००००.०० | |
| | | | | डिजिटल नागरिक वडापत्र जडान | ५०००००.०० | |
| | | | | कञ्चनगढी पर्यटकीय पूर्वाधार | २५०००००.०० | |
| | | | | राजा महात्मा पूर्ण भद्र मा.वि. विश्राम कक्ष निर्माण | १३८०००.०० | |
| | | | | मिलिजुली आमा समूहको अधुरो भवन निर्माण तथा मर्मत वडा नं. ०४ | ५०००००.० | |
| | | | | | १६९८३९५०.०० | |
| | | विद्यालय क्षेत्र विकास कार्यक्रम | १६४०००००.० | गंगा मा.वि.मा शौचालय निर्माण ( Wash Facility | ७०००००.० | केन्द्रिय |

| | | | | |
|---|---|---|---|---|
| | | शौचालय निर्माण ( Wash Facility सहित) | | |
| सँघिय सरकारबाट प्राप्त अनुदान | | समपुरक अनुदान | २६००००००.०० | |
| | | विशेष अनुदान | २०००००००.०० | |
| | | सडक वोर्ड नेपालबाट प्राप्त अनुदान | ३५०००००.०० | |
| | | शसर्त अनुदान | २७३०१०००.०० | स्वास्थ्य चौकी, प्रधानमन्त्री रोजगार, पशु प्राविधिक तलव |
| सँघिय सरकारबाट थप भएको जम्मा बजेट रू | | | ७६८०१०००.०० | |
| प्रदेश सरकार बाट प्राप्त अनुदान | | विशेष अनुदान | ७००००००.०० | |
| | | समपुरक अनुदान | २०००००००.०० | |
| प्रदेशबाट थप भएको जम्मा बजेट रू | | | २७००००००.०० | |
| **सारांश** | | | | |
| सँघिय सरकारबाट थप भएको जम्मा बजेट रू | | | ७६८०१०००.०० | |
| प्रदेशबाट थप भएको जम्मा रू | | | २७००००००.०० | |
| क्रमागत योजना तर्फ रू | | | ८७४४४२२२.४८ | |
| चालु आ.व. मा बजेट विनियोजनको लागि नगरपालिकाका विभिन्न शाखाबाट प्रस्ताव गरिएका योजनाहरू | | | १६९७८९५०.०० | |
| हाल सँसोधन (थप) हुने जम्मा बजेट रू | | | २०८२२४१७२.४८ | |
| पाँचौ नगर सभाबाट पारित बजेट रू | | | ६५०५७२६२०.४० | |
| **हालको सँसोधित (थप) समेत कूल बजेट रू** | | | ८५८७९६७९२.८८ | |

**११.२ प्रस्ताव नं २ माथि छलफल गर्दा मिति ०७६/११/२३ को राजश्व परामर्श समितिको ारिस समेतको आधारमा देहायबमोजिमको विषयहरूलाई समावेश गरी आर्थिक ऐन, २०७६ ागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।**

**तपसिलः**

**र्थिक ऐन, २०७६ को दफा (५) को व्यावसाय कर अन्तरगत उपदफा (३) मा** “आर्थिक वर्ष ०७४/७५ एवम् २०७५/७६ को हकमा तोकिए बमोजिम कै व्यवसाय कर लिई रिवानामा १०० प्रतिशत छुट दिने” भनिएकोमा उक्त व्यवस्थालाई सँसोधन गरी **“चालु**

आ.व. को आषाढ मसान्त सम्म न्यावसाय दर्ता गर्न आउने न्यावसायीहरूको हकमा विगत आर्थिक वर्ष ०७४/७५ एवम् ०७५/७६ सम्मको समेतको सम्पूर्ण बक्यौतामा न्यावसाय कर तथा जरिबाना छुट दिने" विषय समावेश गर्ने ।

(ख) ऐनको दफा (५) को न्यावसाय कर अन्तरगत उपदफा (४) मा नगरपालिकोबाट चालु आ.व. ०७६/७७ को लागि ठेक्का दिइएका नगरभित्रका साप्ताहिक हाट बजार तथा पाडा बजार समेतको सञ्चालनको क्रममा विशेष कारणबस हाट बजार सञ्चालनमा अवरोध भै सम्बन्धित न्यावसायीले ऐनको अनुसूचि (४) मा तोकिए बमोजिमको दरमा न्यावसाय कर असुली गर्न असमर्थ भएको अवस्थामा निजले आय ठेक्का बापत नगरपालिकामा दाखिला गरेको रकमलाई आधार मानी अनुपातिक हिसाबले पर्न आउने रकम फिर्ता दिने ।

(ग) ऐनको अनुसूचि १२. (ख) नक्सा पास दस्तुरको विवरणको हकमा देहायबमोजिमको विवरण थप गर्न सिफारिस गर्नेः

| सि.नं. | विवरण | दर प्रति वर्ग फुट |
|---|---|---|
| १ | न्यापारिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र क लोकमार्गको दाँया वायाँ | २.० |
| २. | न्यापारिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र ख त्रीवेणी सडकको दाया वाया | २.० |
| ३. | न्यापारिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र ग शाखा सडकहरूको दायाँ वायाँ (चिसापानी-मझौनी सडक, भुताहा-महेशपुर सडक, बाढिपिडित-पाल्डाँडा सडक, जिमिरेभार कुकुरमारा सडक, अन्य शाखा कालोपत्रे सडक), हुलाकी सडक | २.० |
| ४. | न्यापारिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय शाखा बाटो घ का दायाँ वायाँ(प्लटिंग) | २.० |
| ५. | न्यापारिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर कृषि सडकका ङ दायाँ वायाँ | २.० |
| ६. | औद्योगिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र क लोकमार्गको दाँया वायाँ | १.० |
| ७. | औद्योगिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र ख त्रीवेणी सडकको दाया वाया | १.० |
| ८. | औद्योगिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय तथा न्यापारिक क्षेत्र ग शाखा सडकहरूको दायाँ वायाँ (चिसापानी-मझौनी सडक, भुताहा-महेशपुर सडक, बाढिपिडित-पाल्डाँडा सडक, जिमिरेभार कुकुरमारा सडक, अन्य शाखा कालोपत्रे सडक), हुलाकी सडक | १.० |
| ९. | औद्योगिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर आवासीय शाखा बाटो घ का दायाँ वायाँ(प्लटिंग) | १.० |
| १०. | औद्यागिक प्रयोजनको लागि ट्रस निर्माण दस्तुर कृषि सडकका ङ दायाँ वायाँ | १.० |

नोटः माथि उल्लेखित जुन सुकै क्षेत्रमा कृषि न्यावसाय सँग सम्बन्धित ट्रस निर्माण गर्दा नक्सा पास दस्तुर निःशुल्क गर्ने ।

(घ) अनुसूचि (२) को भूमिकर मालपोत मूल्याँकन दर अन्तरगत (५५ नं मा) प्रतिलिपी प्रमाणित प्रति रसिद "रू ५०/- लाई परिमार्जन गरि रू १०/- कायम गर्ने"

नि.नं ११.३ प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिका वडा नं ४ को वडा समितिको ०७६/८/२१ को वैठकबाट भएको निर्णय एवँ वडा कार्यालयको सिफारिस बमोजिम वडा कार्यालय भवन निर्माणको लागि जग्गा नभएको हुँदा वडाका बासिन्दाहरूलाई पायक पर्ने साप्ताहिक हाटबजार अगाडी पश्चिम पट्टी सामुदायिक केन्द्र निर्माण प्रयोजनको लागि रहेको र हाल सार्वजनिक भोगचलनमा रहेको कि.नं ११२० को जग्गा उपयूक्त रहेकोले उक्त जग्गा वडा समितिको नाममा आउने व्यवस्थाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं ११.४ प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाले आ.व. २०७४/७५, आ.व. २०७५/७६, र चालु आ.व. मा तर्जुमा गरेका देहायबमोजिमका दस्तावेज अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

(क) बर्दघाट नगरपालिकाको समूदायमा आधारित एकिकृत विकास योजना, २०७६/७७–२०८०/८१

(ख) बर्दघाट नगरपालिकाको पार्श्वचित्र ।

(ग) स्यानीटरी ल्याण्ड फिल्ड साइडको सम्भाव्यता अध्ययन (Feasibility study) र वृस्तित परियोजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) ।

(घ) क्याम्पाचउर खेलमैदानको वृस्तित परियोजना प्रतिवेदन (DPR) ।

(ङ) भ्यू टावरको सम्भाव्यता अध्ययन (Feasibility study) र वृस्तित परियोजना प्रतिवेदन ( DPR) ।

(च) Eco Educational पार्कको सम्भाव्यता अध्ययन (Feasibility study) ।

(छ) बर्दघाट नगरपालिकाको गरिवी नक्साँकन प्रतिवेदन ।

(ज) बर्दघाट नगरपालिकाको उद्यम विकास रणनीतिक योजना, २०७६/७७ – २०८०/८१ ।

नि.नं. ११.५ः प्रस्ताव नं ५ (विविध) माथि छलफल गर्दा सम्मानीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूको मिति ०७६/११/२१ गते त्रि.वि. शिक्षण अस्पतालमा मृगौला प्रत्यारोपणको कार्य सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने र सम्मानीय प्रधानमन्त्रीज्यूलाई मृगौला दान गर्नुहुने दाता श्री समिक्षा सँग्रौलाको समेत शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सल्यक्रियामा सँलग्न चिकित्सकहरु र स्वास्थ्यकर्मीहरू प्रति हार्दिक आभार व्यक्त गर्ने निर्णय गरियो ।

नि.नं. ११.५ : प्रस्ताव नं ५ (विविध क) माथि छलफल गर्दा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारण सभा सम्मेलन, गोष्ठि आदि कार्यमा रोक लगाउने सम्बन्धी पूर्व सतर्कता अपनाइएको सन्दर्भमा मिति ०७६/१२/१ मा हुने भनिएको नगरसभाको मिति पछि तय गर्ने गरी हाललाई स्थगन गर्ने निर्णय गरियो ।

नि.नं. ११.५ : प्रस्ताव नं ५ (विविध ख) माथि छलफल गर्दा चाईनिज कम्पनी China State Costruction Engineering Corporation Ltd, Narayanghat Butwal Road Project, Section-2 Bardaghat र न्यू पशुपति ट्रेडर्स, काठमाण्डौं विच भएको सम्झौताको आधारमा स्थानीय व्यक्तिहरू बर्दघाट नगरपालिका वडा नं. २ बस्ने गोरी दर्लामी, ऐ.ऐ. बस्ने धन प्रसाद दर्लामी, ऐ.ऐ. बस्ने विष्णु कुमारी घिमिरे मगर र ऐ.ऐ. बस्ने पदम बहादुर ढेगा मगर को जग्गा बाट माटो उत्खनन् गर्ने सम्बन्धमा विभिन्न समयमा भएको सम्झौता वमोजिम "बर्दघाट नगरपालिकाको सार्बजनिक तथा निजी जग्गावाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो आदी उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्ने

कार्यविधि, २०७६" को दफा (४) को प्रावधान वमोजिम "ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. बुद्धनगर, काठमाण्डौं" ले तयार पारी पेश गरेको वातावरणीय परिक्षण प्राविधिक प्रतिवेदन अनुमोदन गरी उक्त प्रतिवेदनमा उल्लेख भएवमोजिमका कार्य गर्न न्यू पशुपति ट्रेडर्स, काठमाण्डौंसंग सम्झौता गर्ने निर्णय गरियो ।

नि.नं. ११.५ : प्रस्ताव नं ५ (विविध ग) माथि छलफल गर्दा बर्दघाट नगरपालिका वडा नं. १२ को भटौलिया वजारमा अवस्थित सन्तोषीमाता मन्दिरले चर्चेको राष्ट्रिय आवास कम्पनीको नाममा रहेको साविक जहदा-५/घ कि.नं. २९७ को जम्मा ज.वि. १-०-१३ (एक विगाहा तेह्र धुर) मध्ये जम्मा ज.वि. ०-५-१३ (पाच कठ्ठा तेह्र धुर) जग्गामा प्रहरी चौकी स्थापनाको लागि भोगाधिकार तथा संरचना निर्माण गर्न सिफारिस उपलब्ध गराई दिनु हुन भनि बर्दघाट नगरपालिका, १२ नं. वडा कार्यालयको च.नं. ११४८ मितिः २०७६/११/२३ को पत्र मार्फत सिफारिस माग भै आएकोले उल्लेखित जग्गा प्रहरी चौकी स्थापनाको लागि उपयुक्त देखिएकोले भोगाधिकार पाउने व्यवस्थाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं. ११.५ : प्रस्ताव नं ५ (विविध घ) माथि छलफला गर्दा यस नगरपालिकाले नगर क्षेत्रमा पर्ने खोला खण्डहरुबाट नदीजन्य पदार्थ व्यवस्थापन गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराई जिल्ला समन्वय समितिबाट स्वीकृति प्राप्त गरे पश्चात राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति प्राप्त गरी गंगटी खोलाको नदीजन्य पदार्थ व्यवस्थापन गर्न ठेक्का नं. २-२०७६/०७७ बाट परिमाण १४९९८४९.२ क्यू फुट उत्खनन् गर्न भनि प्रतिभा कन्स्ट्रक्सन, कावासोति-२, संग सम्झौता गरी उत्खनन् गर्न वन्दोवस्त गरेकोमा हाल गंगटि खोलाको सतह, किनारमा रहेको खेत भन्दा माथि रहेको हुदा मजदुरद्धारा उत्खनन् गर्न असम्भव रहेकोले हेभी इक्वीपमेण्ट (मेशिन) को प्रयोग गर्दा कुनै प्रकारको बाढी पहिरोबाट मानववयि क्षति तथा पर्यावरणीय असर नपर्ने साथै स्थानीय बासिन्दाको पनि मशिन प्रयोग प्रति सहमति रहेको हुदा मशिन प्रयोगको अनुमतिको लागि जिल्ला समन्वय समितिलाई सिफारिस गरि दिनु हुन भनि ठेकेदारबाट निवेदन पेश हुन आएकोले खोला खण्डहरुमा नदीजन्य पदार्थको मात्रा थुप्रिन गई स्थानीय वासिन्दाहरुको खेतियोग्य जग्गा वन, सार्वजनिक जग्गा लगायतका क्षेत्रहरुमा बर्षातको समयमा बाढीको उच्च जोखिम रहेको सम्भावना तथा नगरपालिकाको आन्तरिक राजश्वको मुख्य श्रोत एवम् विकास आयोजनाहरुमा अत्यावश्यक वस्तु नदीजन्य पदार्थ व्यवस्थापन गर्न चालु आर्थिक वर्षको सहमतिका आधारमा उक्त खोला खण्डबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ व्यवस्थापन कार्य भइरहेको र सो क्षेत्रमा नदीजन्य पदार्थ उठाउन हाते औजारहरुबाट मात्र सम्भव नभएको, मेशीन प्रयोग गर्दा नदीजन्य पदार्थको गुणस्तर राम्रो हुने, नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य छोटो अवधिमा नै सम्पन्न गरी अवैध चोरी निकासी नियन्त्रणको लागि नियमन गर्न सहज हुने, सम्भावित क्षेत्रमा अनुगमन निरिक्षण गर्न छोटो अवधिका लागि मात्रै योजना वनाउदा हुने र यस नगरपालिकाको लक्ष्य अनुरुप राजश्व समेत संकलन हुने देखिएको, सम्भावित विपद् जोखिमलाई न्यूनिकरण गर्न सघाउ पुग्ने साथै नगरका विकासका आयोजना संग सम्बन्धित उपभोक्ता समितिहरु र निर्माण व्यवसायिहरुबाट विकास निर्माण कार्य र बर्दघाट नगरपालिकाले गौरवका आयोजनामा निर्माण सामाग्री उपलव्ध गराउन पर्ने भएकोले आवश्यक नदीजन्य पदार्थ व्यवस्थापन कार्यमा हेभी ईक्युपमेण्ट प्रयोग गर्न जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं. ११.५ : प्रस्ताव नं ५ (विविध ङ) माथि छलफल गर्दा राष्ट्रिय आवास कम्पनीबाट विगतमा यस नगरपालिकाको वडा नं. १४ मा व्यवस्थित वसोबास गराउने उद्धेश्यले वितरण गरिएका घडेरी जग्गाहरु मध्ये सामाजिक क्षेत्रमा कार्य गर्ने भनि साविकमा पाडावजार लाई व्यवस्थापन गर्न उपलव्ध गराईएको देहायको जग्गामा विगतमा पाडा वजार लगाउदै आएकोमा हाल बर्दघाट नगरपालिकाले उक्त पाडावजारलाई व्यवस्थापन गर्ने नीतिगत कार्यक्रम अर्न्तगत वडा नं. १३ मा पाडावजारलाई व्यवस्थित गरिसकेकोले उल्लेखित जग्गामा **मानव मलमूत्रीय फोहोर व्यवस्थापन कार्यक्रम** संचालन गर्न अत्यावश्यक रहेकोले सो कार्यको लागि राष्ट्रीय आवास कम्पनीसंग सहमति माग गर्ने साथै साविक दाउन्नेदेवी-९/ख कि.नं. ७ र ५२ संग जोडिएको कि.नं. ५ लाई घोल भनि तत्कालिन समयमा कित्ता काट गरी वितरण गरिएकोमा हाल उक्त कित्तामा स्थलगत रुपमा घोल नभै सो क्षेत्रमा बसोबास गर्ने स्थानीयबासीहरुले पूर्व पश्चिम जोडिएको बाटोको रुपमा उपयोग गर्दै आउनु भएकोले मानविय चाहाना वितरित हुने गरी बाटोलाई घोल बनाउन सकिने अवस्था नरहेकोले मौजुदा अवस्थामा नै उक्त कित्तालाई बाटो कायम गर्न कम्पनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| जिल्ला | नगरपालिका | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी | बर्दघाट<br>साविक दाउन्नेदेवी | ९/ख | ७ | ०-१२-०-० | |
| नवलपरासी | बर्दघाट<br>साविक दाउन्नेदेवी | ९/ख | ५२ | १-१९-०-० | |